**आकाशवाणी गान्तोक**
**प्रादेशिक समाचार**
**25.07.2026 (Saturday)**

**1.मुख्यमन्त्री तामाङ( D.R.DULAL.)**

गुप्त नवरात्रको पावन अवसरमा मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले आज सिलिगुडीस्थित पवित्र पहाडी माता मन्दिरको उद्धाटन गर्नुभएको छ। उहाँले मन्दिरमा पुगी सिक्किमवासीको सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिका लागि माता दुर्गाको चरणमा प्रार्थना गर्नुभएको छ।
सो अवसरमा सांसद श्री राजु विष्ट र विधायक श्री दुर्गा मुर्मुको पनि उपस्थिति रहेको थियो। मुख्यमन्त्री तामाङले दैवी शक्तिको कृपाले प्रत्येक परिवारमा शक्ति, खुसी, एकता र चिरस्थायी समृद्धि प्राप्त होस् भनी कामना गर्नुभएको छ।

**2.प्रधानमन्त्री मन की बात**

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीमा मन की बात कार्यक्रम मार्फत देश र विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १३६ औं एपिसोड हुनेछ

**3.बारफुङ क्षेत्रको**

दक्षिण पश्चिम सिक्किम अन्तर्गत बरफुङ क्षेत्रको फामताम मकरजोङस्थित बर्मेली पुलनजिकै आज बिहान करिब ११:५० बजे गएको पहिरोमा परी दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

घाइतेमध्ये एक जनालाई नाम्ची जिल्ला अस्पताल लगिएको छ र उहाँको अवस्था स्थिर रहेको बताइएको छ। अर्का घाइतेको राबाङ्ला प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ।

क्षेत्र विधायक रिक्साल दोर्जी भुटिया घटनास्थल पुगी स्थितिको निरन्तर अनुगमन गरिरहनुभएको छ। उहाँसँगै नाम्ची जिल्लापाल अनूपा तामाङ, नाम्चीका अतिरिक्त जिल्लापाल (ADC), राबाङ्लाका विकास अतिरिक्त जिल्लापाल, रबाङ्लाका उप-विभागीय अधिकारी (SDM), रबाङ्ला प्रहरी तथा पथ एवं पुल विभागका अधिकारीहरू उद्धार तथा अनुगमन कार्यमा खटिनुभएको छ।

घटनालगत्तै राज्य प्रशासन प्रभावितहरूका लागि राहत तथा उद्धार कार्यमा पूर्ण रूपमा सक्रिय रहेको मुख्यमन्त्रीका प्रेस सचिव श्री युगेन तामाङद्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको छ।

**4.मुख्यमन्त्री प्रेमसिंह तामाङद्वारा गहिरो दुःख व्यक्त**

यसैवीच फामताम गाउँमा गएको दुःखद पहिरोमा परी दुईजनाको ज्यान गएको घटनाप्रति मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गहिरो दुःख व्यक्त गर्नुभएको छ। मुख्यमन्त्री तामाङले यस कठिन घडीमा शोकाकुल परिवारप्रति गहिरो समवेदना प्रकट गर्दै उहाँहरूलाई यो अपूरणीय क्षति सहने शक्ति र आँट मिलोस् भनी ईश्वरसँग प्रार्थना गर्नुभएको छ। साथै, यस दुर्घटनामा परी घाइते हुनु भएकाहरूको शीघ्र स्वास्थ्यलाभको निम्ति पनि उहाँले कामना गर्नुभएको छ। राज्य सरकारले प्रभावित परिवारहरूलाई सम्भव सबै सहयोग प्रदान गरिरहेको जानकारी गराउँदै मुख्यमन्त्री तामाङले उद्धार कार्यमा अहोरात्र खटिनु हुने जिल्ला प्रशासन, प्रहरी, छैटौं स्पेशल फ्रन्टियर फोर्स (एसएफएफ), स्थानीय निकाय र गाउँवासीहरूको तत्परताको उच्च प्रशंसा गर्नुभएको छ।

**5.नाम्चीमा जिल्लास्तरीय 'सिक्किम राइज' प्रतियोगिता**

वाणिज्य तथा उद्योग विभाग, सिक्किम सरकारद्वारा हिजो नाम्चीमा जिल्लास्तरीय 'सिक्किम राइज' (SIKKIM RISE) प्रतियोगिता अन्तर्गत अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न भएको छ। सिक्किम इन्स्पायर्स कार्यक्रम र सीड सेलको सहकार्य तथा **आई.आई.एम.** कलकत्ता **इनोभेसन** पार्कको साझेदारिमा यो कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा नाम्ची जिल्लाका ३० जना छनोट भएका उद्यमीहरू सहभागी थिए। उनीहरूलाई व्यवसाय विकास, पिचिङ र नवप्रवर्तनसम्बन्धी व्यवहारिक तालिम प्रदान गरिएको थियो। यस प्रतियोगिताबाट छानिएका उत्कृष्ट छ जना उद्यमीहरू राज्यस्तरीय सेमिफाइनलमा सहभागी हुनेछन्। मुख्यमन्त्रीको **"एक परिवार, एक उद्यमी"** लक्ष्यलाई साकार पार्न यो पहल महत्त्वपूर्ण साबित हुनेछ।

**6.सिक्किमका चारै सरकारी आईटीआई**

सिक्किमका चारै वटा **सरकारी औद्योगिक प्रशिक्षण संस्थान** (I.T.I) हरूलाई **राष्ट्रिय खुला विद्यालय संस्थान** (NIOS) **द्वारा 'विशेष मान्यताप्राप्त शैक्षिक तथा सीप विकास संस्था'** (SAIASD) को रूपमा मान्यता प्रदान गरिएको छ। सीप विकास विभाग, सिक्किम सरकारका अनुसार यो मान्यता महानिर्देशक प्रशिक्षण (DGT) र NIOS बीचको समझदारी पत्र (MoU) अन्तर्गत प्राप्त भएको हो।

यस व्यवस्थासँगै आईटीआईका प्रशिक्षार्थीहरूले आफ्नो व्यावसायिक प्रशिक्षणसँगै NIOS मार्फत माध्यमिक (कक्षा १०) वा उच्च माध्यमिक (कक्षा १२) को शैक्षिक प्रमाण पत्र पनि प्राप्त गर्न सक्नेछन्। **'ट्रान्सफर अफ क्रेडिट'** (ToC) योजना अन्तर्गत उनीहरूले व्यावसायिक सीपका लागि शैक्षिक क्रेडिटसमेत पाउनेछन्।

विभागले यस कदमले विद्यार्थीहरूलाई राष्ट्रिय स्तरको मान्यता प्राप्त शैक्षिक योग्यता प्रदान गर्नुका साथै सरकारी सेवा र प्रतिस्पर्धी परीक्षाका लागि अवसरहरू सहज बनाउने विश्वास व्यक्त गरेको छ। यो पहल सिक्किम सरकारले यसअघि **आईटीआई** उत्तीर्ण विद्यार्थीहरूका लागि पोलिटेक्निक कलेजहरूमा डिप्लोमाको तेस्रो सत्रमा भर्नाका लागि ल्याइएको पार्श्व प्रवेश (lateral entry) व्यवस्थामै जोडिएको छ।

**7.प्रथम अन्तरराज्यीय कृषि पर्यटन महोत्सव**

प्रथम अन्तरराज्यीय कृषि पर्यटन महोत्सवको अवसरमा सिक्किमको तिमी  नामफिंग निर्वाचन क्षेत्र र अरुणाचल प्रदेशको  मेबो निर्वाचन क्षेत्र बीच "दाजु-बहिनी निर्वाचन क्षेत्र" (Brother–Sister Constituency) अवधारणा अन्तर्गत एक ऐतिहासिक समझदारी पत्र (MoU) मा भएको सहकार्यलाई मजबुत बनाउँदै गत जुलाई २२, २०२६ मा अरुणाचल प्रदेशबाट सिक्किममा प्रिमियम गुणस्तरको भुइँ कटहर पठाइएको छ।

दुवै निर्वाचन क्षेत्रका संस्कृति, कृषि, परम्परा, पर्यटन र स्थानीय उत्पादनहरूको प्रवर्द्धन तथा संरक्षण गर्नुका साथै कृषक र उद्यमीहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्नु,  यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ। अरुणाचलबाट ल्याइएको भुइँकटहरलाई सिक्किमको प्रसिद्ध ब्रान्ड 'सिक्किम सुप्रीम' (Sikkim Supreme) मार्फत ताजा जुस लगायतका विभिन्न वस्तुहरूमा प्रशोधन  गरिनेछ।

यो अन्तरराज्यीय साझेदारीले कृषि उपजको बजार विस्तार, ग्रामीण सशक्तिकरण, सांस्कृतिक आदानप्रदान र दिगो पर्यटन विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**8.एस.एफ.ए. ए डिभिजन एस-लिग** जित (D.R.DULAL)

**एस.एफ.ए. ए डिभिजन एस** -लिग २०२६ अन्तर्गत भएको नवौं खेलमा ब्रदरहुड एफसीले रेड पाण्डा एफसीलाई २–१ गोलले पराजित गरेको छ।

खेलको ११औँ मिनेटमा शैलेश प्रधानले गोल गर्दै ब्रदरहुडलाई अग्रता दिलाए। त्यसपछि खेलको ५६औँ मिनेटमा रेड पाण्डाका लागि कुन्जमान थापाले पेनाल्टीमार्फत गोल गर्दै खेललाई बराबरीमा ल्याए। तर, खेलको ८६औँ मिनेटमा सोइबाम **रोशन सिंहले** निर्णायक गोल गर्दै ब्रदरहुड एफसीलाई ३ अंक दिलाएका थिए।